# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) (४) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण

**१. निकायको स्वरुप र प्रकृति :**

कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजत पत्र प्राप्त गरि वित्तीय संस्थाको रुपमा आफ्नो काम कारोबार सञ्चालन गरि आएका छौं ।

**२. निकायको काम, कर्तव्य र अधिकार :**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, वित्तीय संस्थाको प्रवन्ध पत्र, नियमावली, विनियमावली, नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशिकाहरु तथा सो सँग सम्बन्धित अन्य प्रचलित ऐन नियम तथा कानूनमा व्यवस्था भए बमोजिमका काम कर्तव्य र अधिकारहरुको प्रयोग गरि आफ्नो काम कारोबार सञ्चालन गरि आएको छ ।

**३. निकायमा रहेको कर्मचारी संख्या र कार्य विवरण :**

यस अवधिमा यस वित्तीय संस्थामा स्थायी र करारमा कार्यरत कर्मचारीको संख्या २४९ रहेको छ र वित्तीय संस्थाले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भई रहेको छ । व्यवस्थापन समूहका सदस्यहरुको नाम वित्तीय संस्थाको वेवसाइट www.manjushreefinance.com.np मा हेर्न सकिने छ ।

**४. निकायबाट प्रदान गरिने सेवा :**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "ग" वर्गको इजाजतपत्र प्राप्त संस्थाले दिन सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु ।

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**

यस वित्तीय संस्थाको शाखा र जिम्मेवार अधिकारीको विवरण संस्थाको वेवसाइट www.manjushreefinance.com.np मा प्रकाशित गरिएको छ ।

**६. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधि :**

वित्तीय संस्थाले प्रदान गर्ने विभिन्न प्रकारको सेवाको शुल्क तथा अवधि यस वित्तीय संस्थाको वेवसाइट www.manjushreefinance.com.np मा प्रकाशित गरिएको छ ।

**७. निर्णय गर्ने प्रक्रिया र अधिकारी :**

वित्तीय संस्थामा बैंकिङ्ग कारोबारका सम्बन्धमा विषयको गाम्भिर्यताका आधारमा वित्तीय संस्थाको सांगठनिक स्वरुप अनुसार विभिन्न तहका अधिकारीहरुले विभिन्न प्रकारका निर्णयहरु गर्न सक्ने प्रक्रिया मिलाइएको छ ।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी :**

वित्तीय संस्थाको सांगठनिक स्वरुप अनुसार विभिन्न तहका अधिकारीहरुले गरेका विभिन्न प्रकारका निर्णयहरु उपरको अन्तिम निर्णयकर्ताको रुपमा प्रमुख कार्यकारी अधिकृत तथा वित्तीय संस्थाको सञ्चालक समिति रहने छन् ।

**९. सम्पादन गरेको कामको विवरण :**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "ग" वर्गको संस्थाहरुले गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग कारोवारहरु नै यस वित्तीय संस्थाले सम्पादन गरि रहेको छ ।

**१०. गुनासो तथा उजुरी सुनुवाई गर्ने अधिकारी, सूचना अधिकारी र प्रमुखको नाम, पद र ठेगाना :**

**क. गुनासो तथा उजुरी सुनुवाई गर्ने अधिकारी :** ग्राहकहरुको गुनासो तथा उजुरी सुनुवाई गर्नको लागी हाल केन्द्रिय स्तरमा केन्द्रिय कार्यालयका कर्जा प्रमुखलाई गुनासो सुन्ने अधिकारीको जिम्मेवारी समेत दिई गुनासो तथा उजुरी सुनुवाई गर्ने व्यवस्था मिलाइएको छ । निजको नाम र ठेगाना यस प्रकार रहेको छ ।

**गुनासो सुन्ने अधिकारीको नाम : शम्भु कुमार राउत**

पद : कर्जा प्रमुख

ठेगाना : मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रिय कार्यालय, नयाँबानेश्वर काठमाण्डौं ।

हटलाइन नं. ९७७-०१-४७९२५१७, इमेल : shambhu.raut@manjushreefinance.com.np

**ख. सूचना अधिकारी :** ग्राहकवर्गहरुलाई आवश्यक सूचना प्रदान गर्नका लागि हाल केन्द्रिय स्तरमा केन्द्रिय कार्यालयका सञ्चालन प्रमुखलाई सूचना अधिकारीको जिम्मेवारी समेत दिई आवश्यक सूचना प्रदान गर्ने व्यवस्था मिलाइएको छ । निजको नाम र ठेगाना यस प्रकार रहेको छ ।

**सूचना अधिकारी : विकास राज शाक्य**

पद : सञ्चालन प्रमुख

ठेगाना : मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रिय कार्यालय, नयाँबानेश्वर काठमाण्डौं ।

हटलाइन नं. ९७७-०१-४७९२५१७, इमेल : bikashraj.shakya@manjushreefinance.com.np

**ग. प्रमुखको नाम : नारायण सुवेदी**

पद : प्रमुख कार्यकारी अधिकृत

ठेगाना : मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रिय कार्यालय, नयाँबानेश्वर काठमाण्डौं ।

हटलाइन नं. ९७७-०१-४७९२५१७, इमेल : narayan.subedi@manjushreefinance.com.np

**११. ऐन, नियम, विनियम वा निर्देशिकाहरुको सूची :**

सबै बैंक तथा वित्तीय संस्थाहरुले पालना गर्नु पर्ने हाल प्रचलनमा रहेका सम्पूर्ण ऐन, नियम, विनियम वा निर्देशिकाहरु यस वित्तीय संस्थाले पनि अक्षरस नै पालना गर्नु पर्ने र हाल देहायमा लेखिए बमोजिमका ऐन, नियम, विनियम वा निर्देशिकाहरु बैंकिङ्ग कार्य सञ्चालनका लागी प्रमुख रुपमा प्रचलनमा रहेका छन् ।

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८
३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
४. कम्पनी ऐन, २०६३
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०७३
६. सम्पत्ति शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०७४
७. धितोपत्र सम्बन्धी ऐन, २०६३
८. सुरक्षित कारोवार ऐन, २०६३
९. मुलुकी देवानी संहिता ऐन, २०७४
१०. विनिमय अधिकारपत्र ऐन, २०३४
११. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९
१२. आयकर ऐन २०५८ (संशोधन समेत)
१३. उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु
१४. नेपाल राष्ट्र बैंकबाट जारी गरिएको सम्पूर्ण निर्देशिकाहरु

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण :**

वित्तीय संस्थाको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक विवरणहरु राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित हुदै आएको र वित्तीय संस्थाको वेवसाइट www.manjushreefinance.com.np मा समेत राख्ने गरिको छ ।

**१३. तोकिए बमोजिमका अन्य बाँकी विवरण : नभएको**

---


MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्रप्राप्त संस्था)

**प्रधान कार्यालय ओमकार भवन, नयाँ बानेश्वर-१०, काठमाण्डौं**
**फोन नं.** ०१-४७९६७८० ४७९३१८५, ४७९२५१७, ४७९१३५६ ४७९१३५७
**वेबसाइट: www.manjushreefinance.com**
**ईमेल: manjushree@manjushreefinance.com.np**